आज मिति २०७८/०५/३१ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख श्री भरत बहादुर के.सी.ज्यूको  अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७३ औ बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख
श्री कमला बस्नेत ........................नगर उप प्रमुख
श्री मान बहादुर खड्का......................प्रमुख प्रशासकीय अधिकृत
श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ............................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,
श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ .......................... कार्यपालिका सदस्य,
श्री किरण वली..................... . कार्यपालिका सदस्य,
श्री रामचन्द्र पौडेल .........................उपसचिव (शिक्षा) आमन्त्रित
श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत, बैठक ब्यबस्थापक

| | |
|---|---|
| | मितिः |
| २०७८/०५/३१ गते | |
| | समयः- |
| बिहान ८:३० बजे | |
| | स्थान : |
| महाँकाल सदन | |

## कार्यपालिकाको ७३औ बैठकका प्रस्तावहरु

**प्रस्ताव नं. १** चालु आ.व. का आयोजना कार्यान्वयन र हालसम्मको प्रगति सम्वन्धमा

**प्रस्ताव नं. २** एसिया फाउन्डेशनको आर्थिक सहयोग र भिरोक कम्पनीसंग सहकार्य गरी तयार पारिएको सातदोबाटो सपिंग कम्प्लेक्स, सार्वजनिक निजी साझेदारी ऐन, २०७७ बमोजिम संचालन गर्ने सम्बन्धमा

**प्रस्ताव नं. ३:** युएनडीपी (UNDP) संगको सहकार्यमा तयार पारिएको आपतकालिन कार्य संचालन केन्द्र (MEOC) उदघाटन यहि असोज २०७८ तेश्रो साता आयोजना गर्ने सम्बन्धमा

**प्रस्ताव नं. ४:** नगर विपद जोखिम व्यवस्थापन समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा

**प्रस्ताव नं. ५: :** नगर विपद जोखिम व्यवस्थापन कार्यदललाई स्थलगत प्राविधिक मुल्यांकन समेत गरी तारजाली लगायतका निर्माण सामाग्री खरिद गर्न प्रति घटना रु १५,०००/- (अक्षेरेपी पन्द्र हजार) सम्म उपलव्ध गराउन सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा

**प्रस्ताव नं. ६:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १८-४० वर्षका युवा लक्षित ६० प्रतिशत महिला रहने गरी सय दिनको रोजगारी सुनिश्चितता गर्न र पुराना आयोजना मर्मत अन्तर्गत प्राप्त रु ४४ लाखबाट छनौट गर्ने सम्बन्धमा

(क) सिमपानी सामुदायिक भवन तटबन्ध र कम्पाउन्ड मर्मत रु १० लाख

**प्रस्ताव नं. ७:** भी.न.पा ६ सिमपानीमा रहेका पूर्वाधार तथा हल समेत जिल्ला समन्वय समिति, दोलखाले मर्मत सम्भार र उपयोग गर्ने गरी यस नगरपालिकालाई हस्तान्तरण गरेको सन्दर्भमा उपरोक्त संरचनाहरु संचालन, व्यवस्थापन र रेखदेख गर्न पाँच बर्षका लागि निजी क्षेत्रलाई भाडामा दिने सम्बन्धमा ।

**प्रस्ताव नं. ९:** बिबिध

**निर्णय नं १ :** चालु आ.व. का आयोजना कार्यान्वयन प्रगति समीक्षा गर्दा सपिंग कम्प्लेक्स बाहेकका सबै ठूला आयोजना ठेक्का बन्दोबस्त भईसकेका छन् । उपभोक्ता समितिद्वारा कार्यान्वयन गरिने सबै आयोजना सम्झौता र उ.स. अभिमूखीकरण २०७८ असोज महिना भित्रै सम्पन्न गर्ने गरी २०७८ माघ मसान्तभित्र कार्य सम्पन्न गर्ने लक्ष्य निर्धारण गरियो ।

**निर्णय नं २ :** एसिया फाउन्डेशनको आर्थिक सहयोगमा भिरोक कम्पनीसंग सहकार्य गरी तयार पारिएको सातदोबाटो सपिंग कम्प्लेक्स भीमेश्वर नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७ बमोजिम सार्वजनिक निजी साझेदारीमा संचालन गर्न आसय पत्र (EOI) ढांचा स्वीकृत गरी नगर सभामा पेश गरी नगर सभाद्वारा स्वीकृत पश्चात कार्यान्वयन अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं ३ :** युएनडीपी (UNDP) संगको सहकार्यमा एस नगरपालिकामा स्थापना गरिएको नगर आपतकालिन कार्य संचालन केन्द्र (MEOC) लाई ब्यबस्थित गरी सन्चालनमा ल्याउन सहायकस्तर पाचौ तहको जनशक्ति सेवा करारमा लिन प्रक्रिया अगाडी बढाउने र कार्य संचालन केन्द्रको (MEOC) उदघाटन २०७८ असोज तेश्रो साता आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** यस नगरापालिकाद्वरा तयार पारिएका विपद जोखिम न्यूनिकरण रणनीतिक कार्य योजना २०२०–२०३०, विपद जोखिम न्यूनिकरण नीति २०७७, विपद जोखिम न्यूनिकरण मुलप्रवाहीकरण मार्गदर्शन २०७७, आपद्कालिन पुर्वतयारी तथा प्रतिकार्य योजनाको पुर्व अभ्यास निर्देशिका २०७७, बिपद जोखिम आपत्कालिन कार्यसंचालन कार्यविधि २०७८, आपत्कालिन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८, नगर विपत जोखिम व्यवस्थापन स्वयंसेवक ब्युरो गठन तथा परिचालन निर्देशिका २०७८, विपद जोखिम व्यबस्थापन कोष संचालन कार्यविधि २०७८, जोखिम हस्तान्तरण मार्गदर्शन २०७८, नगरपालिकास्तरीय विपद सम्बन्धी राहत मापदण्ड २०७८ तथा नगर विपद जोखिम व्यवस्थापन समितिले हालसम्म गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** नगरका विभिन्न क्षेत्रमा हालैको वर्षातले क्षती पुर्याएका निवेदनहरु प्राप्त भएका सन्दर्भमा यस अघि गठन भएको विपद जोखिम व्यवस्थापन कार्यदललाई स्थलगत प्राविधिक मुल्यांकन समेत गरी तारजाली लगायतका निर्माण सामाग्री खरिद गर्न प्रति घटना रु १०,०००/- (अक्षेरेपी दश हजार) सम्म उपलव्ध गराउन सक्ने र सो भन्दा बढी राहत दिनुपर्ने देखिएमा समितिको राय सहित कार्यपालिकामा निर्णयार्थ पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १८-४० वर्षका युवा लक्षित ६० प्रतिशत महिला रहने गरी सय दिनको रोजगारी सुनिश्चितता गर्न र पुराना आयोजना मर्मत अन्तर्गत प्राप्त रु ४४ लाखबाट तपसिलका आयोजना छनौट गर्ने निर्णय गरियो ।

(क) सिमपानी सामुदायिक भवन तटबन्ध र कम्पाउन्ड मर्मत रु १०,००,०००/– (दशलाख )
(ख) पिपलबोट मेल्घुम्ती सडक स्तरोन्नति रु ५,०००००/– (पाँचलाख) वडा नं. ४
(ग) सुन्द्रावती मन्दिर जानेबाटो मर्मत रु ५,०००००/– (पाँचलाख) वडा नं. १
(घ) लाँकुरी चौतारी जानेबाटो मर्मत रु २,०००००/– (दुईलाख) वडा नं. २
(ङ) चक्पा (मुर्दालाने बाटो) ठाडोबाटो मर्मत रु २,०००००/– (दुईलाख) वडा नं. २
(च) पाल्लाको धारा– ठुलोचौर– डाडागाउँ सडक तथा गोरेटोबाटो मर्मत रु ४,०००००/– (चारलाख) वडा नं.

(छ) खुस्पाले सिङ्गराम सडक स्तरोन्नति रु ४,००००० /- (चारलाख) वडा नं. ७
(ज) सिमभित्ता माने सडक रु ४,००००० /- (चारलाख) वडा नं. ८
(झ) पाल्ते पोखरी - पानीमुल सडक मर्मत रु ४,००००० /- (चारलाख) वडा नं. ९
(ञ) खत्रिगाउँ –राउतगाउँ गोरेटोबाटो रु ४,००,००० /- (चारलाख) वडा नं. ३

**निर्णय नं. ७ :** भी.न.पा ६ सिमपानीमा रहेका पूर्वाधार तथा हल समेत जिल्ला समन्वय समिति, दोलखाले मर्मत सम्भार र उपयोग गर्ने गरी यस नगरपालिकालाई हस्तान्तरण गरेको सन्दर्भमा उपरोक्त संरचनाहरु संचालन, व्यवस्थापन र रेखदेख गर्न अन्य सामुदायिक संस्था तथा निजी क्षेत्रलाई भाडामा दिने निर्णय गरियो। यसरी भाडामा दिंदा जिल्ला समन्वय समित्ति, दोलखा र यस नगरपालिकालाई आवश्यक पर्दा नि:शुल्क उपयोग गर्न दिने गरी वार्षिक न्यूनतम् भाडा ६०,०००/- (साठ्ठी हजार मात्र) कायम गरी बढीमा पांच वर्ष सम्मका लागि सम्झौता गर्न कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ८ :** लामो समयदेखि दर्ता भई विविध कारणबाट नवीकरण हुन नसकेका "घ" बर्गका निर्माण ब्यबसायहरु २०७८ पुस मसान्तसम्म नवीकरण गर्न आएमा जरिवाना वापतको रकम नलिई एक पटकका लागि नविकरण गरिदिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**विविध :**

१. नगर प्रमुख / उपप्रमुखको तोक आदेशबाट कार्यान्वयन भएका तपशिलका कार्यक्रम तथा खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(क) एम.जी.एम.एल. कक्षा संचालन गर्न बिरेन्द्र प्रा.बि.भीमेश्वर ७ लाई जनतासंग मेयर कार्यक्रमबाट उपलब्ध गराएको रु ७५,०००/- (पचहत्तर हजार)

(ख) भीमेश्वर ५ का कृष्ण बहादुर थापा समेतले अनाथालय - महांकाल सडकलाई मर्मत सम्भार कोषबाट उपलब्ध गराएको रु ८०,०००/- (असिहजार)

(ग) च्यानडाँडा घाट निर्माण भीमेश्वोर ८ लाई जनतासंग मेयर कार्यक्रमबाट उपलब्ध गराएको रु १५०,०००/- (एकलाख पचास हजार)

(घ) सवारीसाधन मर्मत तथा ईन्धन सुबिदा सम्बन्धि टिप्पणी आदेश अनुमोदन गर्ने